**मिति २०८३/०२/०४ गतेको गाउँ कार्यपालिकाको १२ औं बैठकबाट भएका निर्णयहरु सार्वजनिक**

**पेश भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | यस अघिका बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा। | |
| २. | मुख्यमन्त्री रोजगार कार्यक्रम आयोजनाहरु छनौट सम्बन्धमा । | |
| ३. | लक्षित तथा सामाजिक विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | |
| ४. | श्री ज्वाला प्राथमिक विद्यालय पुरानो भवन भत्काउने सम्बन्धमा । | |
| ५. | श्री पान्तोला बालविकास पुरानो भवन भत्काउने सम्बन्धमा । | |
| ६. | सीप परीक्षण सम्झौता सम्बन्धमा । | |
| ७. | आयोजना संशोधन सम्बन्धमा । | |
| ८. | बाख्रा स्रोत केन्द्र व्यवस्थापन सम्बन्धमा । | |
| ९. | बेस्तडा बजारका भित्री सडक मर्मत आयोजना सम्बन्धमा । | |

**मिति २०८३/०२/०४ गतेको गाउँ कार्यपालिकाको १२ औं बैठकबाट भएका निर्णयहरुः**

१. यस गाउँ कार्यपालिकाबाट यस अघिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन प्रगति समिक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने।

२. कर्णाली प्रदेश सरकारबाट सशर्त अनुदानको रुपमा आगामी आ.व. २०८२/०८३ को लागि प्राप्त हुने मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहाय बमोजिमका आयोजना तथा कार्यक्रम छनौट गरियो र उक्त आयोजनाहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

| क्र. सं. | आयोजना वा कार्यक्रमको नाम | स्थान | प्रस्तावित बजेट | क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | मुहानखोला-देउलाखोला सिंचाई आयोजना | वडा नं. १, पगनाथ | १५,००,०००। | सिंचाई | |
| २. | साले-बजेडा खानेपानी आयोजना | वडा नं. २, रुम | १५,००,०००। | खानेपानी | |
| ३. | डाँडाकटेरा रातामाटा सिंचाई पोखरी निर्माण | वडा नं. ३, मेहेलतोली | १५,००,०००। | सिंचाई | |
| ४. | आचिउरे नाईटेगा तटबन्ध निर्माण | वडा नं. ४, जगनाथ | १५,००,०००। | तटबन्धन | |
| ५. | वडाखोला खानेपानी तथा सरसफाई आयोजना | वडा नं. ५, कट्टी | १५,००,०००। | खानेपानी | |
| ६. | रागापड-देसिना सिंचाई | वडा नं. ६, | १५,००,०००। | तालतलैया/जलाशय | |

| क्र. सं. | आयोजना वा कार्यक्रमको नाम | स्थान | प्रस्तावित बजेट | क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| | कुलो निर्माण | कट्टी | | /भरण पोखरी | |
| ७. | वडाभैरव सिंचाई आयोजना | वडा नं. ७, वडाभैरव | १५,००,०००। | सिंचाई | |

३. चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु तपसिल बमोजिम कार्यान्वयन गर्ने ।

| क्र.सं. | कार्यक्रमको नाम | स्थान | विनियोजित रकम | सञ्चालन गर्ने क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|
| १. | बादी लक्षित कार्यक्रम | गा.पा. | ३,००,०००। | १. विद्यार्थीलाई छात्रवृत्ति —रु. १,५०,०००।<br>२. विद्यार्थीलाई झोला तथा स्टेशनरी वितरण —रु. १,५०,०००। | |
| २. | सहिद तथा वेपत्ता परिवारको आयआर्जन कार्यक्रम | गा.पा. | २,००,०००। | १. बाख्रा वितरण कार्यक्रम - रु. २,००,०००। | |
| ३. | महिला आयआर्जन तथा सशक्तिकरण कार्यक्रम | गा.पा. | ८,००,०००। | १. बाख्रा वितरण कार्यक्रम - रु. ८,००,०००। | |
| ४. | बालमैत्री स्थानीय शासन कार्यक्रम | गा.पा. | ४५०,०००। | १. बालबालिकालाई झोला वितरण कार्यक्रम — रु. ३,५०,०००। | |

४. यस भगवतीमाई गाउँपालिका वडा नं. १ स्थित श्री ज्वाला प्राथमिक विद्यालय पगनाथ दैलेखले मिति २०८३/०१/१७ गतेको पत्र मार्फत भवन भत्काउन अनुमति माग भए बमोजिम भवन भत्काई कानून बमोजिम सम्पत्ति व्यवस्थापन गर्न निर्देशन गर्ने ।

५. यस भगवतीमाई गाउँपालिका वडा नं. ५ स्थित श्री भगवती मा.वि. अन्तर्गत पान्तोला बालविकास को पुरानो भवन भत्काई कानून बमोजिम सम्पत्ति व्यवस्थापन गर्न निर्देशन गर्ने ।

६. यस भगवतीमाई गाउँपालिकामा वैदेशिक रोजगारीबाट फर्किएका, देश भित्रै रोजगारीमा रहेका, वैदेशिक रोजगारीमा जान चाहने तथा जुन सुकै माध्यमबाट ज्ञान तथा सीप आर्जन गरेका अनुभव

प्राप्त व्यक्तिहरुको सीप परीक्षणको लागि भगवतीमाई गाउँपालिका दैलेख र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्णाली प्रदेश कार्यालयबीच सीप परिक्षण सम्बन्धी सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने ।

७. यस भगवतीमाई गाउँपालिका, गाउँसभाको १८ औं अधिवेशनबाट संशोधित देहायको आयोजना देहाय बमोजिम हुनुपर्नेमा फरक परेको हुँदा तपसिल बमोजिम कार्यान्वयन गर्ने ।

| क्र.सं. | स्वीकृत आयोजनाको | | हुनुपर्ने | | कैफियत |
|---|---|---|---|---|---|
| | नाम | स्थान | नाम | स्थान | |
| १. | रानीचौर ढाँणगाउँ सडक मर्मत | वडा नं. २ | भुवाल्न ढाँणगाउँ सडक मर्मत | वडा नं. २ | सडक बोर्ड नेपाल साझेदारी |

८. यस भगवतीमाई गाउँपालिकाको बाख्रा स्रोत केन्द्र व्यवस्थापनको लागि हालसम्म रहेका बाख्रा, खसी र बोका बिक्री गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन निर्देशन गर्ने ।

९. यस भगवतीमाई गाउँपालिका वडा नं. १ र २ स्थित बेस्तडा बजारमा सञ्चालित बेस्तडा बजार भित्रका सडक मर्मत सुधार र खोलामा तटबन्धन कार्यको ठेक्का कार्यान्वयन सम्बन्धमा उत्पन्न विवाद समाधान गर्न सम्बन्धित पक्षसँग सम्वाद र छलफल गर्ने ।

**भिन्न मत**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |